नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १४९ २०७७ साल पुस २७ गते सोमबार (11 Jan. 2021 Monday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिवाना लागेको व्यक्तिले किस्तावन्दीमा जरिवाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाली भूमि फिर्ता भएरै ... ३ पृष्ठमा : शनिदेवधाममा आन्तरिक ... ३ पृष्ठमा विश्वव्यापी खोपका लागि ...

# हिन्दु परम्परा अनुसार मृत हात्तिको अन्त्येष्टि


तस्बिर : राजविराज दैनिक

**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

सप्तरीमा विद्युतीय धरापमा परि मृत्यु भएको हात्तिको हिन्दु परम्परा अनुसार शनिबारै अन्त्येष्टि गरिएको छ ।

शनिबार बिहान मरेको हात्तिलाई पण्डित समेतको उपस्थितिमा हिन्दु परम्परा अनुसार घटनास्थल नजिकै गहिरो खाडल खनेर अन्त्येष्टि गरिएको जिल्ला वन अधिकृत सन्तोष झाले जानकारी दिएका छन् ।

हात्तिको अन्त्येष्टिका लागि जिल्ला वन कार्यालयले आवश्यक सबै खर्चको व्यवस्था समेत मिलाएको वन अधिकृत झाले बताए ।

यसैबीच जंगली हात्तिको मृत्यु भएको घटनाप्रति जिल्ला वन कार्यालय सप्तरीले चिन्ता व्यक्त समेत गरेको छ ।

विद्युतीय धराप पारेर हात्तिलाई मारिनु गैरकानुनी रहेको भन्दै जिल्ला वन अधिकृत झाले जंगली जनावरको सुरक्षाका लागि टाक्सफोर्स गठन आवश्यकतामा जोड दिए ।

डेढ महिनाअघि जिल्लाको कंचनरुप नगरपालिका ५ स्थित परेमारामा कोशी टप्पु वन्यजन्तु आरक्षबाट आएको अन्दाजी २०/२१ वर्षको हात्ति विद्युतीय पोलमा करेन्ट लागेर मृत्यु भएको थियो ।

पछिल्लो पटक शनिबार सोही ठाउँबाट आएको अर्को १८/१९ वर्षिय हात्ति खडक नगरपालिका ४ अमाहाका कृषक गोसाईराम चौधरीले गहुँबालीको सुरक्षाका लागि खेतमा जडान गरेको विद्युतीय तारमा परि मरेको हो ।

जंगली जनावरलाई विद्युतीय पासो थापेर यसरी मार्ने काम गैरकानुनी भन्दै वन अधिकृत झाले मानव तथा वन्यजन्तु बीचको डरलाग्दो स्वरुप भएको समेत बताए ।

विद्युतीय धराप थाप्ने व्यक्ति हाल फरार रहेको जानकारी दिँदै उनले निजमाथी कानुनी कारवाही गरिने बताउँदै वन्यजन्तुहरुको संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम अघि बढिसकेको उनको भनाई छ ।

# दुई पत्रकार सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीद्वारा स्थापित ‘लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार’ बाट यस वर्ष सञ्चारकर्मी धर्मपाल राउत सम्मानित भएका छन् भने

***बाँकी अन्तिम पृष्ठमा***

**राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा**

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।
**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**
**राजविराज**




# अनेरास्ववियुद्वारा बैलगाडासहित बिरोध प्रदर्शन


तस्बिर : राजविराज दैनिक

**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

प्रतिनिधिसभा विघटनको बिरोधमा आइतबार नेकपाका प्रचण्ड माधव समुह आवद्ध विद्यार्थी संगठन अनेरास्ववियु सप्तरीले राजविराजमा वैलगाडासहित बिरोध प्रदर्शन गरेको छ ।

स्थानिय शिव मन्दिरको प्राङ्गणबाट निस्केको वैलगाडासहितको बिरोध जुलुस अनेरास्ववियु सप्तरीका उपसंयोजक रंजित मंडलको नेतृत्वमा नगरको विभिन्न भागको परिक्रमा गरेको थियो ।

वैलगाडासहितको जुलुसमा सहभागिहरुले असवैधानिक रुपले प्रतिनिधिसभा विघटनको विरोध गरौ, प्रतिगामी कदम असफल पारौ, प्रतिगामि कदम मुर्दावाद लगायतको नारा लगाउदै नगर परिक्रमा गरेको थियो ।

# ट्राई साइकल र ह्वीलचेयर अपाङ्गताको सहारा

लहान, २६ पुस (रासस) ।

जन्मजात दुबै खुट्टा नभएकी सप्तरीको कञ्चनरुप नगरपालिका-४ जगतपुरकी पुष्पा चौधरीको अनुहारमा बेग्लै खुशी देखिन्छ । दुवै खुट्टा नभएर सधैँ अरुको साहारमा जीवन बिताउँदै आएकी उहाँको अनुहारमा खुशी फर्किनुको कारण निःशुल्क ट्राई साइकल हो । ''दुवै खुट्टा नभएपछि अरुको साहारमा कष्टकर जीवन बिताइरहेको थिएँ'' ३२ वर्षीया पुष्पाले भन्नुभयो, ''तर राष्ट्रिय आपाङ्गता पुनःस्थापना समाजले निःशुल्क ट्राई साइकल दिएपछि हिँडडुल गर्न र आत्मनिर्भर बन्ने बाटो खुलेको छ ।'' अब ट्राई साइकलकै साहाराले रोजगारी गर्नसक्छु भने आत्मविश्वास पलाएको उहाँको कथन छ ।

आर्थिक अभावका कारण सहायक सामग्री खरिद गर्न नसकेकी उहाँले ढिल्लै भए पनि ट्राई साइकल पाएपछि आफ्नो जीवनमा ठूलो परिवर्तन आउने विश्वास व्यक्त गर्नुभयो । कक्षा ५ सम्मको अध्ययन गरेकी उहाँले भन्नुभयो,''पढ्ने रहर थियो, तर खुट्टा नहुँदा विद्यालय जान सक्ने अवस्था थिएन् त्यसैले पढाइ अधुरैमा छाड्नु पऱ्यो ।''

विगत एक दशकदेखि पक्षघातका कारण पीडित कञ्चनरुप नगरपालिका-१ बैरबाका ६५ वर्षीय शेख अबासको पनि जीवनमा ह्वील चेयरको साहारा बनेको छ । पक्षघातको शिकार भएर थलिनु भएका अवासको लागि ह्वील चेयर बरदान नै सावित भएको छ । ''पक्षघात भएपछि उहाँलाई उठबस गर्न सक्ने अवस्था छैन्'', अबासका छोरा इब्रामले भन्नुभयो,'' तर ह्वील चेयर पाएपछि अहिले उहाँ एक ठाउँबाट अर्को ठाउँमा सहज रुपमै घुमफिर गर्न सक्ने हुनुभएको छ ।''

पोलियो भएर दुबै खुट्टा काम नलाग्ने भएपछि कष्टकर दिन बताउँदै आउनु भएकी कञ्चनरुप-४ जगतपुरकै अनिता चौधरीको लागि पनि बाँच्ने ठूलो आधार बनेको छ, ह्वील चेयर । ''खुट्टा नै नभएपछि घरमै बसाएर दिशापिसाब गराउनुपर्ने अवस्था थियो'' उहाँकी आमा सुमित्राले भन्नुभयो, ''तर ह्वीलचेयर पाएपछि अब सहज भएको छ ।''

पुष्पा, अबास र अनिता नभइ लामो समयदेखि आपाङ्गताको रुपमा कष्टकर जीवन बिताउँदै आएका सप्तरीको कञ्चनरुपमा ५१ जना आपाङ्गता भएका व्यक्तिका लागि ट्राई साइकल, ह्वील चेयर र सेतो छडी साहार बनेको छ । कञ्चनरुप नगरपालिकाको विभिन्न वडाका आपाङ्गता भएका व्यक्तिलाई राष्ट्रिय आपाङ्गता पुनःस्थापना समाजले ह्वील चेयर, ट्राईसाइकललगायतका सहायक सामग्री वितरण गरेको छ ।

कञ्चनरुपको सामाजिक विकास शाखा र सामाजिक अभियन्ता चन्द्रकिशोर कल्याणको समन्वयमा राष्ट्रिय आपाङ्गता पुनःस्थापना समाजले कञ्चनरुपको विभिन्न वडाका ५१ जना आपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री वितरण गरेको हो ।

नगरको ५१ आपाङ्गता भएका व्यक्तिलाई १९ थान ह्वील चेयर, १० ट्राई साइक, १० जोडी वैशाखी, पाँच सेतो छडी, दुई वाकर र पाँच एल्बो वैशाखी वितरण गरेको राष्ट्रिय आपाङ्ग पुनःस्थापना समाजका उपाध्यक्ष सुगम भट्टराईले जानकारी दिनुभयो ।

देशका ७७ जिल्लाका आपाङ्गताता भएका व्यक्तिलाई सहायक सामग्री वितरण गर्ने लक्ष्यका साथ अभियान शुरु गरेको र हालसम्म ६५ जिल्लाका आपाङ्गता व्यक्तिलाई ह्वील चेयर, ट्राईसाइकल वितरण गरिसकेको उहाँले बताउनुभयो । नगरपालिका कार्यालय परिसरमा आयोजित सहायक सामग्री वितरण कार्यक्रममा नगरप्रमुख वसन्तकुमार मिश्र, उपप्रमुख निरु पोखरेल, प्रमुख प्रशासकीय अधिकृत नवराज खडकाले आपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री प्रदान गर्नुभयो ।

# नेपाली भूमि फिर्ता भएरै छाड्छ : प्रम ओली

काठमाडौँ, २६ पुस (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो दललाई जनतालाई अपार विश्वास गरी मुलुकमा राजनीतिक स्थिरता दिए पनि सरकारलाई काम गर्न बाधा उत्पन्न गरिएको बताउनुभएको छ । राष्ट्रियसभाको आइतबारको बैठकमा उठेका एवं समसामयिक विषयमा आइतबार वक्तव्य दिँदै उहाँले जनादेशाअनुसार सरकार अघि बढिरहे पनि बहुमतलाई खण्डित गर्ने र अनुचित अलोकतान्त्रिक लेनदेन गरेर मुलुकको राजनीतिलाई अस्थिरतातर्फ उन्मुख बनाउन खोजिएको टिप्पणी गर्नुभयो ।

उहाँले प्रतिनिधिसभा लगातार पाँच वर्ष चल्ने तथा देश, जनता, संविधान र लोकतन्त्रको रक्षामा जाने सोचिएको भए पनि सरकारलाई काम गर्न बाधा उत्पन्न गर्ने र छ/छ महिनामा सरकार फेर बदल्ने मनशायले राजनीतिक अस्थिरता उत्पन्न गर्ने काम भएको बताउनुभयो । अलिकति समयअघि नै प्रतिनिधिसभा विघटन भई नयाँ निर्वाचनका लागि जनादेशमा जाने निर्णय गरिएको बताउँदै उहाँले अब देश निर्वाचनोन्मुख भएको उल्लेख गर्नुभयो । यही पुस १७ गतेदेखि शुरु भएको हिउँदे अधिवेशनको बैठकमा प्रधानमन्त्री ओलीले भन्नुभयो, "जनताको इच्छा पाँच वर्ष सरकार टिकोस् भन्ने थियो । सरकार सञ्चालन गर्ने दलभित्रै चरम अस्वस्थताको अवस्था आयो । सरकारका प्रस्ताव निर्णयार्थ पेश पनि नगरिदिने प्रयास भयो ।"

वर्तमान सरकार गठन भएयता भौतिक विकासनिर्माण, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा ऐतिहासिक काम भएको जनाउँदै उहाँले आफ्नो अघिल्लो कार्यकालमा शिलान्यास गरिएको रानीपोखरी यसपालि निर्माण सम्पन्न भएको बताउनुभयो । प्रधानमन्त्री ओलीले भूकम्पले क्षतिग्रस्त करीब सात लाख घर निर्माण सम्पन्न भएको, धरहरा पुनःनिर्माण अन्तिम चरणमा पुगेको, काठमाडौँको सौन्दर्य अभिवृद्धि भएको, सांस्कृतिक सम्पदाको निर्माण भएको, तराईका शहरमा सयौँ किमी ढल निर्माण गरी सफा गरिएको, सिंचाइ, सडक, कृषिको आधुनिकीकरण र व्यावसायिकरण, औद्योगिक क्षेत्र विकास र विस्तार तथा शिक्षा र स्वास्थ्यका क्षेत्रमा धेरै काम भएको विवरण प्रस्तुत गर्दै अहिलेको जस्तो द्रुततर गतिमा विकासनिर्माणका काम कहिल्यै नभएको जिकिर गर्नुभयो ।

आफूले भारतसँगको सम्बन्धमा पनि मित्रवत् रुपमा व्यापक छलफल गरी आपसी विवाद समाधान गर्न उल्लेख्य पहल गरेको उहाँले स्पष्ट पार्नुभयो । "सन् १९२८ देखि शारदा नहरमा भारतमा पानी गइरहेको हाम्रो भूमि बाँझै छ, तर बोल्न नसक्ने अनि आफूले त्यस विषयमा बोल्दा तपाईंका पालामा मात्र भारतसँगको सम्बन्धमा धेरै बहस किन हुन्छ भन्ने ?" उहाँले प्रश्न गर्नुभयो ।

कतिपयले नेपालकै भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटेर नयाँ नक्शा बनाउँदा सम्बन्ध

*बाँकी तीन पृष्ठमा*

## राजविराज नगरपालिका २ नं. वडा कार्यालयबाट जारि भएको सूचना

मिति : २०७७/७/१९

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी गा.वि.स. मलेठ वडा नं. ९ हाल राजविराज नगरपालिका वडा नं. २ बस्ने स्व. रामजान आलमको बुहारी मो. जब्बर आलमको पत्नी वर्ष ६९ को जमिला खातुनद्वारा माग भए अनुसार मेरो पति जब्बर आलम आ-आफ्नो कालगतिले मिति २०७७/८/९ गते मृत्यु भएको हुँदा मेरो पति स्व. जब्बर आलमको नाउँमा कायम रहेको जग्गा म निवेदिका जमिला खातुनको नाउँमा तपसिलमा उल्लेखीत जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनि मिति २०७७/९/१९ द.नं. १५३ को निवेदनद्वारा माग गरेको हुँदा सो जग्गामा अरु कोही कसैको हक दाबी भए वा हकदार भए दाबी बिरोध गर्नका लागि सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

जि.स.गा.वि.स. मलेठ वाड नं. ९ हाल रा.वि.न.पा. वार्ड नं. २ बस्ने जब्बर आलमको नाउँमा कायम रहेको जग्गा

| जिल्ला | गा.वि.स./न.पा. | वाड नं. | सा.कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ९ | ७०६ | ०-०-५ |


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# शनिदेवधाममा आन्तरिक पर्यटकको चहलपहल

**अरुणकुमार यादव**
राजविराज, २६ पुस (रासस)।

राम्रो र मनोरम ठाउँको खोजी भएका समयमा सप्तरीको उत्तरी क्षेत्रमा अवस्थित शनिदेव मन्दिर धार्मिक तथा पर्यटकीय क्षेत्रका रुपमा विकसित भइरहेको छ।

विशेष गरी शनिबार यहाँ अधिकांश मानिस शनिदेव धार्मिक पर्यटक क्षेत्रमा पूजाआज गर्न र रमाइलो गर्न आउने हुँदा भीडभाड देखिएकाले चहलपहल बढेको छ। रुपनी गाउँपालिका-६ तेरहौतास्थित चुरे पहाडको जङ्गलमा अवस्थित शनिदेव मन्दिर धार्मिक तथा पर्यटकीय गन्तव्यका रुपमा विकसित भइरहेको छ।

चुरेभावरको काखमा अवस्थित शनिधाममा आन्तरिक पर्यटकको सङ्ख्यामा निकै वृद्धिसमेत भएको छ। अन्य दिनको तुलनामा प्रत्येक शनिबार धार्मिक पर्यटकको बिहानैदेखि घुइँचो निकै बाक्लो हुनेगरेको छ। मनमोहक दृष्यले भरिपूर्ण पूर्व-पश्चिम राजमार्गअन्तर्गत वीरेन्द्र बजारदेखि करिब तीन किलोमिटर उत्तरतर्फको चुरे जङ्गलमा अवस्थित उक्त शनिदेव धाममा नेपाल र भारतका दैनिक हजारौँ धार्मिक पर्यटक आउने गरेका छन्।

कोरोना महामारीमा पर्यटकको चहलपहलमा कमी देखिए पनि सन् २०२१ शुरु हुनु अघिदेखि त्यहाँ आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको छ। शनिबार सरकारी बिदा भएकाले सरकारी कर्मचारी, नेता, व्यापारी, विद्यालयका शिक्षक, विद्यार्थी तथा सर्वसाधारण शनिधामस्थित शनिदेव मन्दिरमा पूजापाठ गर्न र घुमघामका लागि भीड लाग्ने गरेको राजविराजबाट प्रत्येक शनिबार शनिदेवको पूजा गर्न त्यहाँ जाने जिवछ दासले बताउनुभयो।

मर्मतसम्भार र संरक्षणको अभावले मन्दिरको अस्तित्व सङ्कटमा पर्न थालेपछि तीन वर्षअघि नै नेपाली सेनाको सहयोगमा जीर्णोद्धार गरिएकाले पर्यटकको सङ्ख्या बढ्न थालेको हो। शनिधामको नामबाट परिचित यस मन्दिरमा आएर सात शनिबारसम्म पूजापाठ गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ। मन्दिरलाई अझै व्यवस्थित गर्न सकिए थप पर्यटक भित्रयाएर समग्र जिल्लाको विकास तथा समृद्धिमा टेवा पुग्नसक्ने मन्दिरका पूजारी भुपेन्द्र यादवले बताउनुभयो।

दैनिक हजारौँ भक्तजनको आवागमन हुन थाले पनि मन्दिरसम्म पुग्ने बाटोको समस्या रहेको छ। पहाडको टाकुरामा रहेको मन्दिर तथा बाटोमा घेरबार गर्न नसकिए पनि प्रायः यहाँ शनिबारका दिन मात्रै करीब चार/पाँच हजार हराहारीमा पर्यटक पूजा गर्न, घुम्न तथा रामाइलो गर्न आउने गरेका छन्।

विसं २०५६ चैत महिनामा सपनामा शमीको रुख देखेर सो रुख खोजी गर्ने क्रममा मन्दिर फेला परेपछि शनि दशा लगेकालाई ग्रहशान्ति गर्न थालिएको पण्डित सत्यनारायण साहको भनाइ छ। त्यसपछि शमीको रुखको जराले बेल, मिरचाइ, अमरा, फूल धाप, गजहर, साधानका रुखलाई चारैतिरबाट बेरिएकाले सात वृक्षको सङ्गम स्थानमा पूजा गर्नाले शनिदशाबाट मुक्ति पाइने जनविश्वास रहेको छ।

उक्त मन्दिरमा श्रीकृष्णा दल गणका नेपाली सेनाको सहयोग तथा जनसहभागितामा १०८ शिवलिङ्ग र कलात्मकमूर्तिले पनि भक्तजनको ध्यान केन्द्रित गर्ने गरेको स्थानीयवासी वृजमान तामाङले जानकारी दिनुभयो। कालो पत्थरको शनिदेवको मूलप्रतिमा शमीको रुखमुनी स्थापित छ।

उक्त मन्दिरको स्तरोन्नतिका लागि प्रदेश नं २ सरकारले आर्थिक वर्ष २०७६/७७ को बजेटमा पक्की पर्खाल बनाउनका लागि रु २५ लाख रकम सहयोग गरेको रुपनी गाउँपालिकाले जनाएको छ। सो मन्दिर पुग्न एउटै नदी सात ठाउँमा घुमेर जानुपर्ने भएकाले तत्काल बाटोमा पुल निर्माण भएमा अझै पर्यटक तथा भक्तजन बढ्नसक्ने मन्दिरका पूजारी यादवको भनाइ थियो।

## *नेपाली भूमि ...*

बिग्रिन्छ भनेको तर सरकारले नेपालको नयाँ नक्शामा उक्त भूमि समेटेर संविधानको अङ्गसमेत बनाएको बताउँदै उहाँले भन्नुभयो, "अब मित्रताका आधारमा भारतसँग छलफल हुँदैछ। नेपाली भूमि फिर्ता भएरै छाड्छ।" संसद्को सातौँ अधिवेशनलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यसअघि संविधान जारी गरेवापत गरिएको नाकाबन्दीको दृढतापूर्वक सामना गरेको र चीनसँग यातायात र पारवाहन सम्झौता गरी नेपाललाई भूजडित बनाएको स्मरण गराउनुभयो। यसअघि पनि आफ्नो नेतृत्वको सरकारले धेरै काम गरेपछि त्यसबाट आत्तिएर सरकार ढलाउने काम भएको उहाँको भनाइ थियो।


# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाको दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने
**वा**
**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


# विश्व समाचार

## विश्वव्यापी खोपका लागि बेलायतद्वारा एक अर्ब डलर प्रदान गर्ने घोषणा

लन्डन, २६ पुस (रासस/एएफपी)।

बेलायतले जोखिममा रहेका मुलुकका लागि कोरोनाभाइरस विरुद्धको खोप सहज आपूर्तिको व्यवस्था मिलाउन एक अर्ब डलर जुटाउने जनाएको छ। यो रकम विश्वका विभिन्न दाताबाट सङ्कलन गरिएको बेलायत सरकारले बताएको छ।

बेलायत सरकारले अन्य दाताले चार डलर दिए आफ्ना तर्फबाट एक पाउन्ड रकम कोभाक्समा राख्ने जनाएको छ। कोभाक्सका लागि बेलायतले यसअघि नै ५४ करोड ८० लाख डलर अनुदान दिइसकेको छ।

क्यानाडा, जापान र जर्मनीले मुख्यरुपमा कोभाक्स कोषमा रकम जम्मा गरिरहेका छन्। यस कोषका लागि एक अर्ब ७० करोड डलरसम्म प्रदान गर्ने योजना दाताहरुको रहेको छ।

बेलायती विदेश मन्त्रालयका अनुसार यसै वर्षभित्र ९२ वटा विकासशील मुलुकका लागि कोषबाट एक अर्ब कोभिड-१९ को खोप वितरण गरिने छ।

विदेशमन्त्री डोमिनिक राबले जारी गर्नु भएको विज्ञप्तिमा यो विश्वव्यापी समस्या रहेकाले सबैलाई यस अभियानमा सहभागी गराउनुको विकल्प नरहेको बताउनुभएको छ।

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सोमबार बेलायती विदेश मन्त्री राब र प्रधानमन्त्री बोरिस जोन्सनसँग भेट्दै हुनुहुन्छ।

## अमेरिकी उपराष्ट्रपति पेन्स बाइडेनको सपथ कार्यक्रममा उपस्थित हुने

वासिङ्टन, २६ पुस (रासस/एएफपी)।

अमेरिकी उपराष्ट्रपति माइक पेन्स आगामी जनवरी २० मा हुने जो बाइडेनको सपथ ग्रहण समारोहमा उपस्थित हुनुहुने भएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले भने बाइडेनको सपथ ग्रहण कार्यक्रम बहिस्कार गर्ने बताइसक्नु भएको छ।

राष्ट्रपति ट्रम्पका अति निकट सहयोगीका रुपमा रहनु भएका उपराष्ट्रपति पेन्सले पछिल्ला दिनमा परिवर्तित राजनीतिक परिदृश्यलाई स्वीकार गर्न थाल्नु भएको छ। उहाँले नोभेम्बरमा भएको राष्ट्रपतिको निर्वाचन परिणामलाई प्रमाणीकरण गरी बाइडेन अमेरिकाको राष्ट्रपति निर्वाचित हुनुभएको घोषणा गर्नु भएको थियो।

बाइडेनको विजयलाई रोक्ने गरी कँग्रेसमा राष्ट्रपति ट्रम्पका समर्थकले आक्रमणसमेत गरेका थिए। यस घटनामा संसद् भवनभित्र र बाहिर गरी पाँच जनाको ज्यान गएको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको उक्साहटमा संसद्मा आक्रमण भएको जनाउँदै डेमोक्रेट पार्टीले राष्ट्रपति ट्रम्प विरुद्ध महाभियोग लगाउने तयारी गरिरहेका छन्।

तल्लो सदनकी सभामुख नान्सी पेलोसीले ट्रम्पले राजीनामा नदिए वा उपराष्ट्रपतिले संविधानको २५औं संशोधन बमोजिम राष्ट्रपतिलाई बर्खास्त नगरे डेमोक्रेटले राष्ट्रपति विरुद्ध महाभियोग ल्याउने चेतावनी दिइसक्नु भएको छ।

यद्यपी यस महाभियोगका बारेमा उपराष्ट्रपतिले केही प्रतिक्रिया दिनु भएको छैन, तर विभिन्न सञ्चारमाध्यमले उपराष्ट्रपति पेन्सले अमेरिकी इतिहासमै हालसम्म प्रयोग नभएको संविधानको त्यस प्रावधानलाई प्रयोग नगर्ने बताएका छन्।

## इन्डोनेसियाली उद्धारकर्ताले मानव अवशेष फेला पारे

जकार्ता, २६ पुस (रासस/एएफपी)।

इन्डोनेसियाको राजधानी जकार्ता नजिकको जलक्षेत्रबाट उद्धारकर्ताले एउटा दुर्घटनाग्रस्त विमानमा सवार व्यक्तिका अवशेष, विमानका टुक्रा र लत्ताकपडा बाहिर निकालेका छन्।

जकार्ताबाट शनिबार अपराह्न उडेको एउटा यात्रुबाहक विमान उडेको केही मिनेटभित्रै जकार्ता नजिकको समुद्री क्षेत्रमा दुर्घटनाग्रस्त भएको थियो। विमानमा चालक दलका सदस्यसहित ६२ जना सवार थिए।

जकार्ताको सोकार्नो-हाता अन्तरराष्ट्रिय विमानस्थलबाट उडेको श्रीविजया एयरको बोइङ ७३७-५०० विमान उडेको चार मिनेटभित्रै सिधै समुद्रमा खसेको अनुसन्धानबाट खुलेको थियो।

इन्डोनेसियाली यातायात मन्त्रालयका अनुसार, सेना समेतको सहयोगमा गोताखोरले विमानको अवशेष पानीको सतहभन्दा करिब ७५ फिटमुनि फेला पारेका थिए। विमानको भ्वाइस तथा डाटा रेकर्डर भने फेला परेको छैन।

इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले गहिरो समवेदना व्यक्त गर्नु भएको छ। विमानमा सवार सबै व्यक्ति इन्डोनेसियाली रहेका थिए जसमा १० जना बालबालिका पनि थिए।

# राष्ट्रिय क्रिकेट खेलाडी सिंहको निधन

जलेश्वर, २६ पुस (रासस)।

राष्ट्रिय क्रिकेट खेलाडी २३ वर्षीय कुन्दनसिंह राजपुतको आइतबार बिहान २३ वर्षका उमेरमा मिर्गौला रोगबाट निधन भएको छ। विसं २०६८ तिर महोत्तरी जिल्लाबाट जिल्ला क्रिकेट सङ्घको खेलाडी भएर १६ वर्षमुनि, राष्ट्रिय खेलाडीका रुपमा १९ वर्षमुनि र नेपाल क्रिकेट सङ्घबाट राष्ट्रियस्तरका खेल खेलेर राष्ट्रिय खेलाडीको मान्यता पाउनुभएका सिंहको आइतबार बिहान महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका- ९ फुल्हट्टा गाउँस्थित घरमा निधन भएको हो।

विसं २०७५ मा राष्ट्रिय टोलीबाट प्रधानमन्त्री कप खेलेर आउँदा अचानक दुवै मिर्गौला बिग्रेका सिंहले दुई वर्षदेखि डायलायसिस गराउँदै आउनुभएको जिल्ला क्रिकेट सङ्घ महोत्तरीका अध्यक्ष रोशनकुमार सिंहले बताउनुभयो। उहाँको निधनबाट जिल्ला, प्रदेश र सिङ्गो देशकै क्रिकेट जगत्लाई ठूलो क्षति पुगेको बताउँदै अध्यक्ष रोशनकुमारले उहाँलाई आइतबार जिल्ला क्रिकेट सङ्घको झण्डा ओढाएर अन्तिम संस्कार गरिने बताउनुभयो। बाह्र वर्षका उमेरदेखि नै क्रिकेट खेल्दै आउनुभएका सिंह निकै मेधावी हुनुहुन्थ्यो। चारपाँच वर्षकै उमेरमा मातापिता गुमाउनुभएका क्रिकेटर सिंहलाई जलेश्वर- ९ का मामा अनोजकुमार सिंहले पालनपोषण गर्दै आउनुभएको थियो।

# प्रदेश सरकारले पशुपंक्षी औषधी क्षेत्रलाई समेत उचित व्यवस्थापन गर्ने : मन्त्री साह

**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस।**

नेपाल पशुपंक्षी औषधि व्यवसायी संघ सगरमाथा शाखाको १०औं बार्षिक साधारण सभा तथा चौथौ शाखा अधिवेशन शनिवार राजविराजमा सम्पन्न भएको छ।

सो अधिवेशनमा प्रदेश २ का भुमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले आउँदो समयमा राज्यले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेकोले पशुपंक्षी औषधीको क्षेत्रलाई समेत उचित व्यवस्थापन गर्ने प्रतिबद्धता जनाएका छन्।

पशुपंक्षी औषधि व्यापारीहरुलाई उचित तालिम र प्रशिक्षण दिलाउन तथा दर्ता प्रक्रिया व्यवस्थित गर्न राज्यले उचित कानून निर्माण गराउनेतर्फ कार्य प्रारम्भ गरेकोले चाँडै पूरा गर्ने बताउँदै मन्त्री साहले सो कार्यका लागि पशु औषधि व्यावसायीहरु सजग हुनुपर्ने र समयमै राज्य सयन्त्रको ध्यानकर्षणा गराउनु पर्ने जिकिर गरे।

उक्त अधिवेशनमा बिशिष्ट अतिथिको आसनबाट बोल्दै नेपाल पशुपंक्षी औषधि व्यवसायी संघको केन्द्रीय प्रथम उपाध्यक्ष यज्ञराज ढकालले राज्यले कृषि औषधी र पशु औषधि बिक्रेतालाई बेग्ला बेग्लै दर्ता प्रक्रियामा गराउने प्रावधानका कारण व्यावसायीमा समस्या उत्पन्न भएको गुनासो पोखे। उनले यस क्षेत्रका व्यवसायीलाई समय अनुसार परिवर्तन हुन र प्रतिस्पर्धामुखी भई गुणस्तरीयतामा ध्यान दिन आग्रह गरे।

अधिवेशनको उदघाटन सत्रमा संघका केन्द्रिय उपाध्यक्ष नारायण प्रसाद यादव, प्रदेश नं. २ का उपाध्यक्ष प्रदीप दाहाल, संघको कोशी शाखाका पूर्व अध्यक्ष बिष्णु प्रसाद निरौला, निर्वाचन अधिकृत सतीशकुमार दत्तलगायतका बक्ताहरुले सम्बोधन गरेका थिए।

यसैबीच अधिवेशनको बन्द सत्रले बेल्टार उदयपुरका प्लादकुमार कटुवालको नेतृत्वमा नयाँ कार्य समिति निर्विरोध निर्वाचित गरेको छ। नवनिर्वाचित कार्य समितिको उपाध्यक्षमा राजविराजका सन्तोषकुमार सिंह, सचिवमा राजविराजकै चन्द्र नारायण दास र कोषध्यक्षमा पोर्ताहा (सप्तरी) का हरिनारायण विराजीलाई निर्विरोध निर्वाचन गरिएको निर्वाचन अधिकृत सतीशकुमार दत्तले जानकारी दिए।

यस्तै समितिको सदस्यहरुमा सितापुर प्रसबनी (सप्तरी)का श्यामकुमार चौधरी, बरमझिया (सप्तरी) का नरेन्द्र कुमार चौधरी र फत्तेपुर (सप्तरी) का महेश कुमार श्रेष्ठ रहेका छन्। कार्य समितिबाट मनोनित गरिने एक जना सदस्य पदमा राजविराजका सूर्यनारायण यादवलाई मनोनित गरिएको नवनिर्वाचित सचिव चन्द्र नारायण दासले बताए।

## दुई पत्रकार ...

वातावरणीय पुरस्कार भुपदेव मालीलाई प्रदान गरिएको छ।

लोकेन्द्र स्मृति दिवसको अवसरमा महासंघले आइतबार आयोजना गरेको पुरस्कार वितरण समारोहमा २७ औं लोकेन्द्र स्मृति पत्रकारीता पुरस्कार राउतलाई प्रदान गरिएको हो।

सोही कार्यक्रममा पत्रकार उमा सिंहको स्मृती एवं सम्मानमा आजको वातावरण दैनिकद्वारा स्थापना गरिएको वातावरणीय पुरस्कार मालीलाई प्रदान गरिएको छ।

पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झाले पत्रकार राउतलाई तथा आजको वातावरण दैनिकका सम्पादक बैजनाथ झाले पत्रकार मालीलाई नगद तथा कदरपत्रबाट सम्मानित गरे।

महासंघ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गाको अध्यक्षता तथा पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झाको प्रमुख आतिथ्यमा आयोजित पुरस्कार वितरण समारोहमा वरिष्ट पत्रकार शिवहरि भट्टराई, उद्योग बाणिज्य संघका अध्यक्ष अरुण प्रधान, निजामति कर्मचारीको आधिकारी ट्रेड युनियन सप्तरीका अध्यक्ष अजयकुमार झा, उपाध्यक्ष श्यामसुन्दर यादव, महासंघका पूर्वसभापति धिरेन्द्र साह, प्रकाश खतिवडा, विष्णु मण्डल, प्रदेश सचिव रामनारायण विश्वास, आदिवासी जनजाती पत्रकार महासंघ सप्तरीकी अध्यक्ष प्रियासिंह थारुलगायतले शुभकामना दिएका थिए।

सोही कार्यक्रममा सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष अरुण प्रधानले लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार कोषमा ११ हजार रुँपैया सहयोग प्रदान गरेका छन्।

राजविराजबाट प्रकाशित नवीन साप्ताहिकको सहसम्पादकको रुपमा कार्यरत स्व. लोकेन्द्र बुढाथोकीको बि.स. २०५१ सालमा राजविराजस्थित डेरामा शंकास्पद अवस्थामा मृत्यु भएको थियो। उनी सल्यान जिल्लामा जन्मिए पनि राजविराजस्थित बालकल्याण गृहमा हुर्केका थिए। उनी सप्तरी जिल्लालाई कर्मथलो बनाएर शाहसिक रुपमा पत्रकारिता गर्दै थिए। हालसम्म उनको मृत्यु बारेको अनुसन्धान गर्भमै रहेको छ।

अनुसन्धानात्मक समाचारका साथै विकृति एवं बेथिति विरुद्ध निर्भिकताकासाथ कलम चलाएर पुऱ्याएको योगदान वापत लाकेन्द्रकै स्मृती एवं सम्मानमा महासंघले पुरस्कारको स्थापना गरि प्रत्येक वर्ष एक जना पत्रकारलाई उक्त पुरस्कारबाट सम्मान गर्दै आएको छ।


# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS Money Transfer, Best Remit Quick & Easy, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np